पत्रसंख्या : शा.रे.डे.बैं.लि./के.का./२०७६/०७७/१३०४ मिति : २०७७/०२/२३

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय : **जानकारी सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस विकास बैंकको सञ्चालक समितिको मिति २०७७ जेष्ठ २२ गते विहीवार दिउसो ३:३० बजे बसेको बैठक नं. २१७ बाट बैंकको एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुनेगरी निर्णय भएको ब्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

साथै, एघारौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/०३/०१ देखि २०७७/०३/१२ गतेसम्म यस विकास बैंकको शेयर दाखिल, खारेज, दर्ता बन्द (Book Close) गरिने ब्यहोरा यसै पत्रद्वारा जानकारी गराउँदछौं ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०७७ साल आषाढ १२ गते, शुक्रवार (तदनुसार जुन २६, २०२०) ।
समय : बिहान ११ : ३० बजे ।
स्थान : एशियन भिलेज रिसोर्ट प्रा.लि., ईट्टाभट्टी, बुटवल, रूपन्देही ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०७५/०७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरू सहितको वित्तीय विवरणहरू पारित गर्ने ।

३. आर्थिक बर्ष २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । साथै, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको मिति २०७६ श्रावण १ गतेदेखि २०७६ आश्विन २६ गतेसम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्तिको अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरू :**

१. जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

२. साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति पश्चात् कायम आ.व. २०७५/०७६ सम्मको कुल सञ्चित मुनाफावाट चुक्ता पूंजीको १५ प्रतिशतले हुने रकम रू. ३९,३४,३५,६१८/५९ (अक्षरेपी उनन्चालीस करोड चौंतीस लाख पैंतीस हजार छ सय अठार र पैसा उनन्साठी मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

३. साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति गर्नुपूर्वको शेयर संरचनामा परिवर्तन गरि संस्थापक समूहको ५७.२२ प्रतिशत र सर्वसाधारण समूहको ४२.७८ प्रतिशत कायम गर्ने । सोही बमोजिम शेयर स्वामित्व संरचनामा परिवर्तन गरि प्रबन्धपत्रमा संशोधन गर्ने ।

४. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

साथै, वार्षिक साधारण सभा सम्बन्धी प्रथम सूचना मिति २०७७/०२/२३ गते शुक्रवारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको ब्यहोरा समेत अनुरोध गर्दछौं ।

भवदीय,

...............
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव